# आ.व. ०८१/०८२ को बार्षिक समिक्षा कार्यक्रम


# रिब्दीकोट गाउँपालिकाको समग्र प्रगती प्रतिवेदन प्रस्तुती

प्रस्तुतकर्ता
मणि प्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत

# गाउँपालिकाको प्रतिक चिन्ह (LOGO)

# गाउँपालिकाको प्रशासकीय भवन






स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**क्षेत्रफल** १२४.५५ वर्ग कि.मि.

15,473

**घरधुरी** 4,402

**गाउँपालिकाको केन्द्र** खस्यौली

**साक्षरता** ८०.६ प्रतिशत
जसमा पुरुष ८८.६% र महिला ७४.१० %

ख्याहा, देउरालि, खस्यौलि, भैरबस्थान, कुसुमखोला, ठिमुरे, पालुङमैनादी र फेक

# रिब्दीकोट गाउँपालिकाको समग्र मूल्याङ्कन

LISA & FRA

LISA: ९५.२५

FRA: ८४

बित्त आयोग मुल्याङ्कन ६५.७३

आव ०८०/०८१ बेरुजु ०.५४

LISA स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन


FRA स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कन

# वार्षिक  बजेट र खर्च

| बजेट रु | | खर्च रु | | जम्मा खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|
| चालु | रु ३७,४६,१८,३४७.०० | चालु | रु ३३,६८,४४,९३२.८७ | चालु | ९०.२६ | |
| पूँजिगत | रु १९,०८,७१,६५३.०० | पूँजिगत | रु १५,८१,९२,००३.०० | पूँजि | ८०.८७ | |
| **जम्मा** | **रु ५६,५४,९०,०००.००** | **जम्मा** | **रु ४९,५०,३६,९३५.८७** | **जम्मा** | ८७.०२ | |

- आगामी आ.व. ०८२।०८३ मा जम्मा रु ५३ करोड ८३ लाख ९३ हजार २ सय ३२ रुपैयाँ मात्रको बजेट सभाबाट पारित भएको छ। जुन बजेट विगतका तिन आ.व.को भन्दा कम र चालु आ.व.को बजेट भन्दा रु २ करोड ७० लाख ९७ हजारले कम रहेको छ।

# राजश्व संकलन विवरण
## (आ.व. २०७८/७९ देखि २०८१/८२ सम्म)




| | 2078/79 | 2079/80 | 2080/81 | 2081/82 |
|---|---|---|---|---|
| लक्ष्य | 6290749.78 | 8621253.10 | 10687765.09 | 10274990.85 |
| लक्ष्य | 5720000 | 6220000 | 7377500 | 8300000 |

# राजश्व संकलन विवरण

| | | |
|---|---|---|
| आ.व. : २०८१/८२ महिना : सबै अवधी : २०८१/०४/०१-२०८२/०३/३२ | | |
| 1 | सम्पती कर | 1,59,623.81 |
| 2 | भुमिकर/मालपोत | 15,02,541.67 |
| 3 | वहाल कर | 3,60,359.66 |
| 4 | अन्य कर | 5,06,596.41 |
| 5 | अन्य बिक्रीबाट प्राप्त रकम | 17,01,204.45 |
| 6 | अन्य सेवा शुल्क तथा बिक्री | 9,89,625.35 |
| 7 | न्यायिक दस्तूर | 150 |
| 8 | परीक्षा शुल्क | 19,000 |
| 9 | अन्य प्रशासनिक सेवा शुल्क | 25,92,456 |
| 10 | पार्किङ्ग शुल्क | 88,750 |
| 11 | व्यक्तिगत घटना दर्ता दस्तुर | 35,200 |
| 12 | नाता प्रमाणित दस्तुर | 1,61,850 |
| 13 | अन्य दस्तुर | 64,169 |
| 14 | प्रशासनिक दण्ड, जरिवाना र जफत | 11,21,670 |
| 15 | अन्य राजस्व | 4,31,828 |
| 16 | व्यवसाय कर | 5,39,965.5 |
| | जम्मा | 1,02,74,989.85 |

# वार्षिक राजश्व लक्ष्य र प्रगति विवरण (आ.व. २०८१/८२)

| संकलन केन्द्र | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| पालिका संकलन केन्द्र | रु ८३०००००० | 57,60,040.60 | ६९.३९ % | |
| वडा नं १ को कार्यालय | | 8,04,066.53 | ९.६८ % | |
| वडा नं २ को कार्यालय | | 4,07,300.86 | ४.९० % | |
| वडा नं ३ को कार्यालय | | 6,29,085.13 | ७.५७ % | |
| वडा नं ४ को कार्यालय | | 8,63,493.59 | १०.४० %% | |
| वडा नं ५ को कार्यालय | | 4,46,624.29 | ५.३८ % | |
| वडा नं ६ को कार्यालय | | 3,62,146.26 | ४.३६ % | |
| वडा नं ७ को कार्यालय | | 6,03,896.33 | ७.२७ % | |
| वडा नं ८ को कार्यालय | | 3,98,337.23 | ४.७९ % | |
| | जम्मा | 10274990.82 | १२३.७९% | |

# मुख्य मुख्य उपलब्धीहरु (बुँदागत)

- हार्थोक छहरा मोटर बाटो हार्थोक खौडेली खस्यौली  खण्ड पिचको काम सम्पन्न भएको र खौडेली पालिका खण्डको स्तरोन्नती र पिच गर्ने कार्य गाउँपालिकाको बजेटबाट भइरहेको ।
- रिब्दीकोट गाउँपालिकामा पूर्वाधार क्षेत्र तर्फ यस आवमा रु ११ करोड ३२ लाख रकम बराबरको ठेक्का गरिएकोमा ७ करोड ६० लाखमा सम्झौता भई विभिन्न योजनाहरू संचालनमा रहेको र हाल सम्म करिब ८५ प्रतिशत माथि भौतिक प्रगति भएको र उपभोक्ता समिति मार्फत करिब रु ४ करोड बरावरको योजनाहरू सम्झौता भई अधिकांश सम्पन्न भएको र केहि सम्पन्न हुने चरणमा रहेको छ ।
- पालिकाको गौरवको आयोजना तर्फ देउराली शान्तिचौर मोटरबाटो स्तरोन्नती, बतासे फेक मोटरबाटो स्तरोन्नती, भैरवस्थान भारकोट मजुवा पोरक्नी हुँदै वडा नं ६ वडा कार्यालय सम्मको मोटरबाटो निर्माण, कोहल खेल मैदानको निर्माण, जलेश्वर पर्यटन प्रवर्द्धन पूर्वाधार, कुसुमखोला वडा भवन निर्माण कार्यहरू सम्पन्न हुने चरणमा रहेको तथा गुरासेडाँडा कालिकागढी पर्यटन प्रर्वद्धन पूर्वाधार निर्माण र डबका जेमर्तुङ कचल ऐतिहासिक पर्यटन मार्ग निर्माण भइ सम्पन्न भएको ।
- भैरवनाथ मन्दिरलाई लक्षित गरि भैरवस्थानमा पार्किङ क्षेत्र निर्माण गरिएको र वतासे बजारमा रहेको जोखिमपूर्ण हाईटेन्सन लाईन सारिएको ।
- वडा नं ५ मा रहेको चिस्यान केन्द्रमा प्रयोगविहिन ग्यासलाई परिवर्तन गरि नयाँ ग्यास जडान भई संचालनको अवस्थामा रहेको ।

# रिब्दीकोट कृषि परियोजना (RAP) परियोजनाको ससंक्षिप्त विवरण

- रिब्दीकोट कृषि परियोजना (RAP)
- परियोजना अवधिः २०८० पौष १६ देखि २०८२ पौष १५ गते सम्म।
- परियोजनाको लक्ष्य

**प्रत्यक्ष रुपमा आबद्ध कृषकहरुको (१००० परिवार) कृषि र पशुपालनमा आधारित उद्यमशीलता विकास मार्फत वार्षिक आम्दानी वृद्धि गरी जीविकोपार्जनमा सुधार गर्नु ।**

- परियोजनाको कुल बजेट ः रु ४,००,००,०००
- रिब्दीकोट गाउँपालिका ः रु २,७९,६०,०००
- हेफर प्रोजेक्ट नेपाल ः रु १,२०,४०,०००

# रिब्दीकोट कृषि परियोजना (RAP)
# परियोजनाको ससंक्षिप्त विवरण

- प्रगति प्रतिवेदन
- स्थायी टनेल १७८
- अस्थायी टनेल १००
- गाइ खोर
- बाख्रा खोर

# कार्यक्रमको संक्षिप्त विवरण

| | |
|---|---|
| **परियोजनाको नामः** | रिब्दीकोट अकबरे, बेसार र सुन्तलाको मुल्यश्रृंखला विकास परियोजना<br>Ribdikot Akabare, Turmeric and Orange Value Chain Development Project- RATO Project |
| **परियोजना रहने स्थानः** | रिब्दीकोट गाउँपालिकामा |
| **कार्यक्रमको अवधि** | १५ महिना |
| **कार्यक्रमको कूल लागत** | १,४२,००,३००। |
| **लागत सहभागिताको संरचना** | कूल लागतः रु १,४२,००,३००।<br>प्रदेश सरकार बाट उपलब्ध हुने रकमः रु. ९९,४०,२१०। (७० प्रतिशत)<br>रिव्दीकोट गाउँपालिकाः रु. ४२,६०,०९०। (३० प्रतिशत) |

# रिब्दीकोट अकवरे, बेसार र सुन्तलाको मुल्य श्रृङ्खला विकास परियोजना

बेसारको मूल्य शृंखला अन्तरगत प्रशोधन केन्द्र निर्माणको चरणमा रहेको

**Cutting Shapes: SLICE-FINGER**
**CAPACITY:500KG/HR**



**Capacity 192 trays**
**Complete with 192 Aluminum tray size 16”x32”x1.25” and 4 nos. MS trolley**
**48 trays**
Each Tray Capacity 3 to 5 kg Depending on fruit & Veg.



# तथ्याङ्कमा रिब्दीकोट गाउँपालिका



# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| १ | जनशक्ति व्यवस्थापन | क. जम्मा स्वीकृत दरवन्दी: ४५ पदपूर्ति: ३१ रिक्त:१४<br>ख. कर्मचारी समायोजन पश्चात O & M सर्वेक्षण गरी प्रतिवेदन स्वीकृत **नभएको**। |
| २ | प्रशासकीय भवन र पहुँच | क. प्रमुख प्रशासकीय भवन: **भएको**<br>ख. आफ्नै वडा कार्यालय: भएको वडा संख्या ८ नभएको वडा संख्या ०<br>ग. वडा केन्द्रसम्म सडक पुगेको वडाको संख्या ८ नपुगेको वडा संख्या ० |
| ३ | कानून निर्माणको अवस्था | क. ऐनको संख्या: **१३** ख. नियमावलीको संख्या: **३**<br>ग. कार्यविधि/मापदण्ड/निर्देशिकाको संख्या: **६८** |
| ४ | विभिन्न योजना तथा दस्तावेज निर्माणको अवस्था | क. आवधिक योजना: **वनेको** (बनेको भए: **दोश्रो**)<br>ख. वार्षिक बजेटसँगै तोकिएको ढाँचा अनुरुप मध्यमकालिन खर्च संरचना: **बनेको**<br>ग. स्थानीय तहको वस्तुस्थिति विवरण: **बनेको**<br>घ. भूउपयोग योजना: **बनेको**।<br>ङ. स्थानीय भवन निर्माण मापदण्ड: **नवनेको**।<br>च. राजस्व सुधार कार्ययोजना: **बनेको**।<br>छ. आन्तरिक नियन्त्रण प्रणाली: **बनेको**। |

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| ५ | स्थानीय तहको मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको प्रयोग | क. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्राप्ताङ्क (गुणस्तर परीक्षण पश्चात) र **९५.२५** (आव ०८०/०८१)<br>ख. स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनको प्राप्ताङ्क **८४**<br>ग. मन्त्रालयले तयार गरेको स्थानीय तहको प्रगति अनुगमन प्रणालीमा विवरण प्रविष्टीः भएको |
| ७ | न्यायिक समिति सम्वन्धी | क. दर्ता भएका उजुरी/गुनासो संख्याः**७**<br>ख. कारवाही वा फछ्यौंट भएका उजुरी संख्याः **५**<br>ग. कारवाही वा फछ्यौंट भएका मध्ये पुनरावेदनमा गएका संख्याः **०** |
| ८ | वेरुजु सम्वन्धी | क. आ.व. २०८०/८१ सम्मको कायम कुल वेरुजु रकम (रु. हजारमा) १३३७३४<br>ख. आ.व. २०८०/८१ मा फछ्यौंट भएको वेरुजु रकम (रु. हजारमा) २८० (फछ्यौंट प्रतिशतः०.०२०%)<br>ग. आ.व. २०८१/८२ मा फछ्यौंट गर्नुपर्ने कुल वेरुजु रकम (रु. हजारमा) १३३४५४ |
| ९ | वातावरण तथा विपद् व्यवस्थापन | क. दमकल सेवाको उपलब्धताः **व्यवस्था नभएको**<br>ख. फोहोर प्रशोधन केन्द्रः **नभएको**<br>ग. स्यानीटरी ल्याण्डफिल साईटः **नभएको** |

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| १० | सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिता | क. अनलाईन मार्फत प्रदान गरिएको सेवाको संख्याः **३३२३** (डिजीटल गभर्नेन्स फ्रेमवर्कले तोकेका मध्ये)<br>ख. नागरिक वडापत्रः **भएको**<br>ग. सूचना अधिकारीः **तोकेको**<br>घ. गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणको लागि कानूनी व्यवस्थाः **नभएको**<br>ङ. निगरानी निकाय तथा कार्यालयमा प्राप्त उजुरी/गुनासो संख्या **५** फछर्यौट संख्याः **३** |
| ११ | अभियानमूलक कार्यक्रम | क. वालमैत्री स्थानीय तह घोषणा भएको वडाको संख्याः छैन<br>ख. पोषणमैत्री स्थानीय तह घोषणा भएको वडाको संख्याः **छैन**<br>ग. वालश्रम मुक्त स्थानीय तह घोषणा भएको वडाको संख्याः **छैन** |
| | | |

# ISO 9001:2015 Certified पालिका निर्माण तर्फ






# भैरवस्थान क्षेत्रमा व्यवस्थित पार्किङ स्थलको सुरुवात








# Cloth Bank को शुभारम्भ



# रक्तसंचार केन्द्र सँग सम्झौता

रिब्दीकोट गाउँपालिका, पाल्पाको बासिन्दालाई नि:शुल्क रुपमा रगत उपलब्ध गराउने सम्बन्धमा भएको

## सम्झौता-पत्र

श्री रिब्दीकोट गाउँपालिका कार्यालय (यस पछि "रिब्दीकोट" भनिने ) र नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखा अन्तर्गतको रक्तसंचार सेवा केन्द्र, बुटवल भैरहवा (यस पछि "रक्तसंचार सेवा" भनिने) बीच रिब्दीकोट गाउँपालिका, पाल्पाका बासिन्दालाई नि:शुल्क रगत/रक्ततत्व उपलब्ध गराउने सम्बन्धमा देहाय वमोजिम शर्त पालना गर्ने दुवैपक्षका प्रतिनिधिहरुबीच सहमती भई यस सम्झौता पत्रमा सही छाप गरी एक एक प्रति बुझिलियौ ।

**उद्देश्य :**

१. रिब्दीकोट गाउँपालिका, पाल्पाका बासिन्दालाई नि:शुल्क रगत उपलब्ध गराउने ।

२. रिब्दीकोट गाउँपालिकाबाट रक्तसंचार सेवा बुटवल/भैरहवाको लागि रिब्दीकोट गाउँपालिका भित्र रगत संकलन कार्यमा सहयोग गर्ने ।

**सहमतिका बुँदा तथा शर्तहरु :**

१. रिब्दीकोट गाउँपालिकाका बासिन्दालाई रक्तसंचार सेवा बुटवल/भैरहवाले नि:शुल्क रगत उपलब्ध गराउने छ ।

२. रुपन्देही जिल्ला शाखाको रक्तसंचार सेवा बुटवल भैरहवाले तोकेको सेवा शुल्कमा प्रति युनिट रु.९५०/- (अक्षरुपी : नौ सय पचास रुपैयाँ मात्र) का दरले रक्तसञ्चार सेवा उपलब्ध गराइनेछ ।

३. रिब्दीकोट गाउँपालिकाले रुपन्देही जिल्लामा संचालित नेपाल रेडक्रस सोसाइटी रक्तसंचार सेवा केन्द्र बुटवल वा सिद्धार्थनगर, रुपन्देहीलाई अग्रिम रुपमा सेवा शुल्क वापतको रकम निकासा गरि दिनु पर्नेछ ।

४. रक्तसंचार सेवा बुटवल/भैरहवाले रक्तसंचार सेवाको खर्च विवरण सहितको प्रतिवेदन प्रत्येक महिनाको १५ गतेभित्र विल सहित रिब्दीकोट गाउपालिका समक्ष आइपुग्ने गरी पठाउनु पर्नेछ । अग्रिम रुपमा जम्मा भएको रकम २० प्रतिशत भन्दा कम भए पुन: अग्रिम भुक्तानीका लागि माग गरिनेछ ।

५. यसरी "रक्तसंचार सेवा बुटवल/भैरहवा"ले आर्थिक प्रतिवेदन पठाउँदा सेवा प्रदान गरिएको व्यक्तिको नामावली र उपलब्ध गराइएको रगत वा रक्ततत्वको किसिम तथा लागेको शुल्क सहित निम्न कागजातहरु संलग्न गर्नेछ ।

क) नि:शुल्क रगतको सेवा लिनुपर्ने वा लिएका व्यक्ति रिब्दीकोट गाउँपालिकाको बासिन्दा भएको प्रमाणित हुने कुनै किसिमको कागजात (नागरिकता, राष्ट्रिय परिचय पत्र, मतदाता परिचय-पत्र, बसाईसराई, सवारी चालक अनुमति पत्र, राहदानी पत्र, विवाह दर्ता, जन्म दर्ता, आदि) को प्रतिलिपि बिरामीका आफन्तले रक्तसंचार सेवामा रगत वा रक्ततत्व लिन आउँदा पेश गर्नु पर्नेछ ।

ख) आपतकालिन अवस्थामा आकस्मीक रगत लिनु पर्ने भई सम्बन्धित व्यक्तिले अन्य कागजात पेश गर्न नसकेको अवस्थामा रगतको शुल्क नगद भुक्तानी गर्ने र पछि कागजात पेश गरेमा नगद फिर्ता गरिने छ । (४८ घण्टा)

ग) आपतकालिन अवस्थामा आकस्मीक रगत लिनु पर्ने भई सम्बन्धित व्यक्तिले अन्य कागजात पेश गर्न नसकेको र रगतको शुल्क नगद भुक्तानी गर्न नसक्ने अवस्थामा रक्तसंचार सेवाबाट तयार गरिएको फारममा सम्बन्धीत अध्यक्ष/वडा अध्यक्ष सँग फोन वार्ता पछि प्रमाणित भएको जानकारी खुल्ने गरि अध्यक्ष/वडा

CS Scanned with CamScanner

अध्यक्ष को नाम र मोवाइल नम्बर उल्लेख गर्नु पर्नेछ सो फारमको प्रतिलिपि समावेश गरि पठाउनु पर्नेछ ।

६. अस्पतालमा लगिएको रगत प्रयोग नभएमा गुणस्तर नबिगारी २४ घण्टा भित्र फिर्ता गर्न गराउन विरामीका आफन्तलाई उत्प्रेरित गराउने संयुक्त जिम्मेवारी हुनेछ । त्यस्तै, गाउँपालिका क्षेत्रभित्र रक्तदान उत्प्रेरणा कार्यक्रम आयोजना गर्न गराउन गाउँपालिकाले वार्षिक कार्यक्रमको योजना बनाई कार्यान्वयनमा प्राथमिकता दिनेछ ।

७. रिब्दीकोट गाउँपालिकाले पालो मिलाई कम्तीमा वर्षको २ वटा रक्त संकलन शिविर रक्तसंचार सेवाको प्राविधिक सहयोगमा आयोजना गर्नेछ ।

८. रिब्दीकोट गाउँपालिकाले रुपन्देही जिल्लामा सञ्चालित नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार सेवा केन्द्र बुटवल वा सिद्धार्थनगर रुपन्देहीलाई अग्रिम रुपमा सेवा शुल्क वापत रु. १,००,०००।- (अक्षरुपी : एक लाख रुपैयाँ) जम्मा गर्नु पर्ने छ ।

९. रिब्दीकोट गाउँपालिकाका कर्मचारीहरुलाई रगत आवश्यकता परेमा परिचयपत्रको आधारमा उपलब्ध गराईने छ ।

१०. आपसी सहमतीमा सम्झौताको अवधि र शर्त थपघट गर्न गराउन सकिने छ ।

११. प्रत्येक वर्ष कम्तीमा १ पटक दुवै पक्षको सहभागितामा समीक्षा बैठक आयोजना गरिने छ ।

१२. यो सम्झौताको अवधि २०८३ साल असार मसान्तसम्म हुनेछ ।

**रिब्दीकोट गा.पा. को तर्फबाट**

नाम : नारायण बहादुर कार्की
पद : अध्यक्ष
हस्ताक्षर :
मोवाइल नं.: ९८५७०६०३८३
कार्यालयको छाप :

**साक्षी**

१.नाम : मणि प्रसाद खनाल
पद : प्रमुख प्रशासकीय अधिकृत
हस्ताक्षर :
मोवाइल नं. : ९८५७०२८०२०

२. नाम : सुनिल अधिकारी
पद : स्वास्थ्य शाखा प्रमुख
हस्ताक्षर :
मोवाइल नं. ९८५७०६५७०१

**नेरेसो रक्तसंचार सेवा बुटवलको तर्फबाट**

नाम : रामचन्द्र उपाध्याय
पद : सभापति
हस्ताक्षर :
मोवाइल नं. : ९८५७०२४७२५
कार्यालयको छाप : नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखा सिद्धार्थनगर

नाम : टेक बहादुर थापा क्षेत्री
पद : मन्त्री
हस्ताक्षर :
मोबाइल : ९८५७०४५८५५

नाम : राधा ज्ञवाली
पद : ईन्चार्ज
हस्ताक्षर :
मोबाइल : ९८४७०२८६३३

इति सम्वत् २०८१ साल १२ महिना २६ गते रोज मंगलबार शुभम्

# विप्लवको जनकम्युन अभियानलाई १०००० अकबरेको बेर्ना उपहार





# रिब्दीकोट रैनादेवी छहरा दोस्रो सुन्तला महोत्सव






# गाउँपालिका कार्यालय र वडा कार्यालयहरु सिसिटिभीबाट निगरानी



# संवेदनशिल क्षेत्रहरुमा सिसिटिभीबाट निगरानी



# धन्यवाद!

